अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्नमा, सिरहा

प्रदेश नं. २ नेपाल

मिति :- २०७७/०५/१६ गते

प.सं. :- २०७७/०७८

च.नं. :- ४३८

**विषय :- बन्दाबन्दी सम्वन्धमा ।**

श्री सवै वडा कार्यालयहरु , स्वास्थ्य चौकीहरु ,
सवै शाखाहरु
अर्नमा गाउँपालिका

उपर्युक्त सम्वन्धमा यस गाउँपालिकामा COVID - 19 संक्रमणको जोखिम समुदायस्तर सम्म फैलिन नदिन तथा संक्रमण न्यूनिकरण गर्न मिति २०७७/०५/०२ गते यस गा.पा. को CCMC वैठक निर्णयलाई निरन्तरता दिदैं आज मिति २०७७/०५/१६ गते देखि २०७७/०५/२७ गते राति १२:०० वजे सम्मको लागि अत्यावश्यक सेवा र काम बाहेक देहायको काम गर्न नपाउने निर्णय गरियो ।

तपसिल:-

१. अत्यावश्यकीय काम नपरी बाहिर ननिस्कने । अति आवश्यक काम परेर बाहिर निस्कनु परेमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड( मास्कको अनिवार्य प्रयोग गर्ने , सावुन पानिले बारम्बार हाथ धुने , स्यानिटाइजरको प्रयोग गर्ने ) पाल्ना गरेर मात्र बाहिर निस्कने ।

२. कुनै पनि संस्था , निकाय वा व्यक्तिले सार्वजनिक भेला , मेला लगाउने , भोज वा जम्घटको आयोजना नगर्ने । धार्मिक स्थलहरुमा भेला तथा जमघट नगर्ने । आ-आफ्नो धार्मिक पर्वहरु घर भित्र नै मनाउने ।

३. हाटवजार नलगाउने ।

४. सार्वजनिक सवारी साधनहरु नचलाउने ।

५. अति आवश्यक खाधान्न , ग्याँस , तरकारी , फलफुल तथा मासु जस्ता सेवा प्रदान गर्ने पसलहरु विहान ५:०० बजे देखि विहान ९:०० बजेसम्म मात्र संचालन गर्ने ।

६. वैंक तथा वित्तिय संस्थाहरु विहान १०:०० बजेदखि मध्यान्ह १:००वजे सम्म मात्र संचालन गर्ने ।

७. सरकारी सार्वजनिक तथा गैरसरकारी क्षेत्रका कार्यालयहरुले आन्तरिक कार्य सम्पादन गर्ने । त्यस्ता निकायका पदाधिकारी वा कर्मचारीहरुले सम्वन्धित निकाय बाट जारी अधिकारीक परिचयपत्र देखाई विहान ९:०० वजे देखि १०:०० वजे सम्म र साँझ कार्यालय समयको आधा घण्टा पहिले र आधा घण्टा पछिसम्म आवत जावत गर्न पाइने ।

कृष्णानन्द सिंह

अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्नमा, सिरहा

प्रदेश नं. २, नेपाल

८.उद्योग/कलकारखाना, कृषि क्षेत्रमा स्वास्थ्य र सुरक्षा सावधानी अपनाई उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी मापदण्ड एवंम प्रोटोकल पूरा गरी आफ्नो उद्योग परिसर भित्रै कार्य गर्ने ।

९.अस्पताल, औषधि पसल, एम्बुलेन्स, बारुणयन्त्र, विद्युत, दुरसञ्चार, इन्टरनेट सेवा, दुग्ध तथा पानी ढुवानी एवंम तत्सम्बन्धी सेवा सुचारु रहने । साथै स्वास्थ्य कार्यालयबाट नियमित रुपमा सञ्चालन हुने कार्यक्रमहरु जस्तै नियमित खोप कार्यक्रम, मातृ तथा स्वास्थ्य सेवा, परिवार नियोजन कार्यक्रमहरु संचालन रहने ।

१०.कोभिड १९ संक्रमित बाहेकका आकस्मिक विरामीलाई जुनसुकै सवारी साधनमा अस्पताल लैजान सकिने ।

११. साविकमा हाटबजार लाग्ने दिनहरुमा अत्यावश्यकीय बाहेकका कुनै पनि पसलहरु नखोल्ने । अति आवश्यकीय पसलहरु बाहेकका बिहान ८:०० बजे देखि बिहान ११:०० बजेसम्म तपसिल शर्तहरु पालना गर्ने गरि मात्र संचालन गर्ने ।

शर्तहरु:

क. किक्रेताले अनिवार्य रुपमा मास्क , पञ्जा लगाएको हुनुपर्ने ।

ख. विक्री स्थलमा विक्री गर्ने दुरी कम्तीमा २ मिटर कायम गरि आलोपालो गरि विक्री गर्ने व्यवस्था भएको हुनु पर्ने ।

ग. क्रेताले अनिवार्य रुपमा मास्क लगाएको भएमा मात्र खरिद विक्री गर्ने स्थानमा प्रवेश गराउने ।

घ. विक्री स्थल अगाडि हाथ धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था भएको हुनु पर्ने ।

ङ. यसका लागि संवद्ध उधोग वाणिज्य संघ , व्यपारिक संस्था र गा.पा.ले अनुगमन गर्ने तथा सुरक्षा निकायले नियमन गर्ने ।

वोधार्थ:

१. श्री जिल्ला प्रशासन कार्यालय , सिरहा ।

२. श्री ईलाका प्रहरी कार्यालय , अर्नमा ।

७७।०८।१९

कृष्णानन्द सिंह
प्रमुख प्रशासकीय अधिकृत